नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ ५२०१२३, ५२०१२४, ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

च. नं :
पत्र संख्या : ०७८/०७९

मिति -२०७८/१०/२८

## प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमणलाई नियन्त्रण गर्न यस जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८/९/२८ गते र मिति २०७८/१०/६ गते जारी गरिएका आदेशमा उल्लेख भएका बिषय मध्ये देहाय बमोजिमका कार्य/ क्रियाकलापहरु **जनस्वास्थ्यका सुरक्षा मापदण्ड पालना गर्ने गरी** मिति २०७८ साल फागुन १ गतेदेखी गर्न गराउन सकिने व्यहोरा जानकारी गराइएको छ ।

१. विश्वविद्यालय, कलेज, विद्यालय, ट्युसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु भौतिक उपस्थितिमा गर्न सकिने ।
२. १२ बर्ष पुरा नभएका अर्थात कोभिड विरुद्धको खोप नपाएका विद्यार्थीहरुको हकमा भौतिक उपस्थितिमा विद्यालय संचालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड बिशेष रुपमा पालना हुने गरी अभिभावकहरु संगको समन्वयमा आलोपालो दिन मिलाई कक्षा सन्चालन गर्ने ।
३. विवाह, ब्रतवन्ध र अन्य सामाजिक सांस्कृतिक कार्यक्रम गर्दा पार्टी प्यालेसहरुमा एक पटकमा कूल क्षमताको ५० प्रतिशत वा १०० जना नबढ्ने गरी संन्चालन गर्ने, रातीको समयमा नगर्ने, मनोरन्जनका नाममा अवाञ्छित हो हल्ला नगर्ने नगराउने जिम्मेवारी सञ्चालकको हुने ।
४. सिनेमाहल, डान्सवार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लव, जिमखाना, स्वीमिङ पुल, फुटसल, पटके हाटवजार मा क्षमता भन्दा बढी नहुने गरी पूर्व तोकिएको समय सम्म मर्यादित रुपमा सञ्चालन गर्न सकिने ।
५. गोष्ठि, सेमिनार, समीक्षा वैठक जस्ता क्रियाकलाप एक पटकमा बढीमा १०० जना सम्म उपस्थित भै गर्न सकिने, सो भन्दा बढी संख्या आवश्यक पर्नेमा स्थानको क्षमता समेत खुलाई पूर्व स्वीकृत लिई गर्नु पर्ने ।
६. मठ, मन्दीर, मस्जिद, गुम्वा, चर्च आदि धार्मिक स्थलमा एक पटकमा ५० जनामा नवढ्ने गरी र बली/भोग दिने भएमा एक पटकमा १० जनाको संख्या ननाघ्ने गरी आलोपालो मिलाई मात्र पुजा/प्राथना गर्न सकिने।
७. खेलमैदानमा दर्शक क्षमता भन्दा बढी नहुने गरी खेलकुद कार्यक्रम गर्न सकिने ।
८. सार्वजनिक यातायातका यात्रु वाहक सवारी साधन, यात्रु र होटल व्यवसाय, रेष्टुरेन्ट, खाजाघर, अन्य व्यवसाय र सार्वजनिक निकायले सेवा प्रदान गर्दा पूर्व मितिका आदेशमा उल्लेख भएका जनस्वास्थ्यका सुरक्षा मापदण्ड यथावत रुपमा पालना गरी सञ्चालन गर्ने ।
९. यस सम्बन्धि अन्य विषयमा DCCMC को मिति २०७८।९।२८ का निर्णय र यस पूर्वका आदेशमा उल्लेख भए अनुसार हुने ।

२०७८।१०।२८

**जगन्नाथ पन्त**
**प्रमुख जिल्ला अधिकारी**